| सहकारी | | अन्य व्यवसाय |
|---|---|---|
| नीति | सदस्यहरुको सामाजिक र आर्थिक विकासका लागि सहकारी मूल्य मान्यता र सिद्धान्त अनुसार सञ्चालन गरिन्छ। | सहकारी लगानीलाई क्रमश : घटाउदै नीजि क्षेत्रको लगानी वढाउन प्रोत्साहित गरिन्छ। |
| लक्षित वर्ग | सहकारी ऐन, २०४८ ले तोकेका भूमिहिन, कृषक कालिगढ, मजदुर र न्यून आर्यवर्ग । | तोकिएका मुलुकका सबै नागरिकहरु |
| उद्देश्य | लक्षित वर्गको सामूहिक सहभागिता मार्फत स्थानीय स-साना पूंजीहरुको जगेर्नाद्वारा सदस्यहरु स्वयंलाई व्यवसायमा संलग्न गराई सदस्यहरुकै आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने । | व्यक्तिगत पूंजी लगानी गरी नाफा आर्जन गर्ने । |
| सदस्यता | खुला सदस्यताको सिद्धान्त लागु हुने । | खुला सदस्यताको सिद्धान्त लागु नहुने । |
| व्यवसायिक क्षमता | विभिन्न सदस्यहरुसँग छरिएर रहेको स-साना आर्थिक, भौतिक र मानविय श्रोतहरु एकीकृत भई व्यवसायिक क्षमताको विकास तथा सृजना गरिने । | एउटै व्यक्तिसँग आर्थिक, भौतिक र मानवीय श्रोतहरुको प्रचुरताका साथै व्यवथापकीय क्षमताको विकास भएको हुन सक्छ। |
| व्यवस्थापन पद्धती | संस्थाको विनियम, नीति, नियम निर्माण तथा निर्णयको सम्पूर्ण कार्य, पारित निर्णयको कायान्वयन र प्रभावकारिता, अनुगमन, संलग्नता, मूल्यांकन, लाभ र नोक्सान आदिमा सदस्यहरुको सहभागीता अनिवार्य हुन्छ। | व्यवसाय सञ्चालनका लागि आवश्यक जनशक्ति नियुक्त गरी निर्णय देखि मूल्यांकनसम्मको सम्पूर्ण व्यवस्थापकिय कार्य सम्पादन गरिन्छ । संस्था सबै सदस्यहरुको स्वामित्वमा नभई केहिले मात्र बनाएको नीति नियम मान्नु पर्ने हुन सक्छ। |
| उत्पादक, वितरक र उपभोक्ता | सहकारीमा उत्पादक, वितरक र उपभोक्ता तीनै पक्ष स्वयं सदस्यहरु नै हुन्छन् । त्यसैले सहकारी व्यवसायको पहिलो बजार सदस्यहरु नै हुन। | निजी व्यवसायमा ती तीनै पक्ष फरक-फरक हुनसक्दछन् । त्यसैले निजी व्यवसायको बजार जो सुकै पनि हुन सक्छ। |
| व्यवसायिक अधिकार | शेयुर बढी वा घटी लिने सबै सदस्यहरुमा अधिकार बराबर हुने हुंदा एक सदस्य एक मतको स्थिति हुन्छ । त्यसैले सहकारीमा पूंजी भन्दा मानवीय मूल्य मान्यतालाई बढी प्राथमिकता दिईन्छ। | शेयुर बढी वा घटी लिने सबै सदस्यहरुमा अधिकार बराबर हुँदैन । कम्पनीहरुको प्रकृति पूंजी प्रधान हुन्छ । शेयरको आधारमा मताधिकार कायम गरिएको हुन्छ । मताधिकार प्रतिनिधि मार्फत पनि प्रयोग गर्न सकिन्छ। |
| सदस्यको | सदस्यहरुलाई सेवा सहकारीको उत्तम आदर्श हो । वस्तु | नाफाका आधारमा वस्तुको उत्पादन, कारोबार र |

| | | |
|---|---|---|
| सेवा | उत्पादन सदस्यहरुको आबश्यकता हेरी गरिन्छ । बस्तु र सेवाको कारोबार विना भेदभावि सदस्यहरुसँग मात्र गरिन्छ । सदस्यहरुको योगदान सक्रियता र सहभागीता संस्थाको सेवाको गुणस्तरीयता, निरन्तरता, सुलभता र समानतामा आधिरित हुन्छ । | सेवाको निर्धारण गरिएको हुन्छ । वस्तु र सेवाको कारोबार बजारमा जोसंग पनि गर्न सकिन्छ । सेवा लिन दिन भेदभाव हुदैन । गैरसदस्यहरुसँग पनि कारोबार हुन्छ । |
| नियन्त्रण प्रणाली | प्रजातान्त्रिक सिद्धान्तका आधारमा स्वयं सदस्यहरुको क्रियासिलतामा संस्थाको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिएको हुन्छ । | लगानीकर्ता स्वयंबाट व्यवसायिक सिद्धान्त अनुरुप निर्धारित नीतिका आधारमा व्यवस्थित गरिएको हुन्छ । |
| व्यवसायिक संरचना | साधारण सभाको निर्णय अनुसार प्रारम्भिक संस्थाले आन्तरीक व्यवसायिक संरचना तयार गर्दछ । संस्थागत तर्फ भने सहकारी संस्थाहरु सदस्य भएको विभिन्न संघहरुको गठन गरि सहकारी व्यवसाय प्रवर्द्धन गर्न सकिन्छ । | आफ्नो व्यवसाय अनुरुप व्यवसायी आफैले कुन व्यवसायिक संगठनको सदस्य बन्ने हो भनी आफै तय गर्नु पर्ने हुन्छ व्यवसायिक एकताका हिसाबले जिल्ला देखि केन्द्रसम्म उद्योग वाणिज्य संघ खोली संचालन गर्न सकिन्छ । |
| विशेष छुट सुविधा | सहकारी ऐन, २०४८ ले भन्सार, महसुल, रजिष्ट्रेशन, दस्तुर, स्थानीय कर आदिका साथै अन्य निजी व्यवसायले छुट पाएका सुविधाहरु प्रति छुट पाउछ । | प्रचलित कानुनले उद्योग व्यवसायमा निजी क्षेत्रको संलग्नतालाई बृद्धि गर्न विभिन्न सहुलियत, छुट दिइएको भएतापनि सहकारीलाई प्राप्त हुने सम्पूर्ण प्रकृतिका छुटहरु निजी व्यवसायलाई प्राप्त हुँदैन । |
| सामाजिक चासो | सहकारी व्यवसाय स्थानीय समुदाय कै एक अङ्ग र समाजकै सदस्यद्धारा सञ्चालित हुने हुंदा यो नाफा मुखी नभई सदस्यको आर्थिक विकासमुखी हुने र यसले सामाजिक चासो पनि आत्मासात गर्दछ । | निजी व्यवसाय नाफा मुखी भएकोले सामाजिक चासोलाई ज्यादै कम मात्रामा आत्मसात गरिएको हुन्छ । त्यस्तो सामाजिक चासो पनि व्यवसायिक फाइदा गाँसेर लिईन्छ । |

*"स्रोत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशन तथा तालिम हस्तपत्रहरु"*